# ललितपुर महानगरपालिका

## यल महानगरपालिका

## Lalitpur Metropolitan City

**Pulchowk, Lalitpur, Bagmati Province, Nepal**


ललितपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पुल्चोक, ललितपुर
बागमती प्रदेश, नेपाल

**मिति: २०८२/०३/२५**
**नेपाल सम्वत् ११४५ दिल्लाथ्व चतुर्दशी**

**<u>विषय: छात्रवृत्ति सम्बन्धी सूचना ।</u>**

प्रस्तुत विषयमा ललितपुर महानगरपालिकाका छात्रवृत्ति व्यवस्थापन तथा अनुगमन समितिको निर्णयानुसार संस्थागत विद्यालयहरूले प्रदान गर्नुपर्ने न्यूनतम १० प्रतिशत छात्रवृत्तिको लागि ललितपुर महानगरपालिका क्षेत्रभित्र कक्षा ११ र १२ सञ्चालनमा रहेका संस्थागत विद्यालयहरूमा शैक्षिक सत्र २०८२ को कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरूले छात्रवृत्तिमा अध्ययन गर्न /गराउन चाहाने विद्यार्थी/अभिभावकले तोकिएको ढाँचामा उल्लेखित विवरण भरी मिति २०८२ साउन मसान्तसम्म सम्बन्धित विद्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ । साथै विद्यालयमा पेश हुन आएका आवेदन फाराम संकलन गरी मिति २०८२/०५/१० भित्र निर्णय गराइ छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको पूर्ण विवरण ललितपुर महानगरपालिका शिक्षा महाशाखामा मिति २०८२/०५/११ गते भित्र पेश गर्नु हुन सबै कक्षा ११-१२ सञ्चालित संस्थागत विद्यालयहरूको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै विद्यालयले छात्रवृत्तिको निर्णय हुनु अगावै विद्यार्थीहरूसँग पढाइ शुल्क नलिनु हुन समेत सूचित गरिन्छ अन्यथा ललितपुर महानगरपालिका विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन तथा नियमनका सम्बन्धमा बनेको शिक्षा कार्यविधि २०७६ को नियम ५६ मा व्यवस्था भए बमोजिम कारबाही हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

पुनश्च: छात्रवृत्ति फाराम ललितपुर महानगरपालिकाको ***Website -www.lmc.gov.np*** बाट **Download** गर्न **सकिनेछ ।**

......................

**नवराज रिजाल**
**अधिकृतस्तर आठौं तह**
**शिक्षा महाशाखा**

# छात्रवृत्ति आवेदन फाराम

श्री ललितपुर महानगरपालिका
शिक्षा महाशाखा, पुल्चोक, ललितपुर ।

**विषयः छात्रवृत्ति सम्बन्धमा ।**

**महोदय,**

प्रस्तुत विषयमा यस महानगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेको देहाय बमोजिमको विद्यालयमा म/मेरो छोरा/छोरी कक्षा ११ मा भर्ना भई अध्ययनरत रहेकोले निम्नानुसारको छात्रवृत्ति पाउन यो निवेदन पेश गरेको छु ।

अभिभावकको नाम: ............................................अभिभावकको पेशाः .......................

विद्यार्थीको नाम :........................................................ (अंग्रेजीमा):............................

विद्यार्थीको ठेगाना: जिल्ला................ म.न.पा/ उ.प.म.न.पा/न.पा/गा.पा/......................... वडा नं.........

शै.स.२०८२ को कक्षा ११ मा भर्ना भएको विद्यालयको नामः................................................ .............

कक्षा ११ मा भर्ना भएको विद्यालयको ठेगाना: ललितपुर महानगरपालिका, वडा नं...............................

शैक्षिक सत्र २०८१ मा कक्षा १० मा अध्ययन गरेको विद्यालयको नामः..........................

अध्ययन गर्न चाहेको ऐ.विषय:-..........................

कक्षा १० अध्ययन गरेको विद्यालयको प्रकार :- (सामुदायिक / संस्थागत)

SEE परीक्षामा प्राप्त GPA:-

माग गरेको छात्रवृत्तिको किसिम: आर्थिकरूपले पिछडिएको (विपन्न) /जेहन्दार/जनजाति/दलित /महिला/अपाङ्ग/लोपोन्मुख/पिछडिएको क्षेत्र/ मधेशी / अन्य:-

निवेदक

दस्तखत:

नाम:

सम्पर्क नं:

मिति:

निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरू:

१. कक्षा १० (SEE) को प्रमाण-पत्रको प्रतिलिपि ।

२. थरबाट समावेशी नछुट्टिने विद्यार्थीले आधिकारिक आयोग/संघ संस्था/सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट परिचय खुलेको समावेशी प्रमाण-पत्रको प्रतिलिपि ।

३. स्थानीय तहबाट आर्थिकरूपले पिछडिएको (विपन्न) वर्ग खुलेको वडा/स्थानीय निकायको सक्कल सिफारिस-पत्र ।

४. निवेदन फाराम ललितपुर महानगरपालिकाको **Website-www.lmc.gov.np** बाट **Download** गर्न सकिनेछ ।